**गीतकार सङ्घ नेपाल**

# Lyricists' Association of Nepal को

**विधान : २०६७**

**प्रस्तावना**

नेपाली गीत रचनाको क्षेत्रमा निरन्तर कार्यरत वा समर्पित गीत सिर्जनामा लागिपरेका स्रष्टाहरुलाई राष्ट्रव्यापीरुपमा एउटै संस्थामा आबद्ध गराई गीतसिर्जनाको माध्यमबाट राष्ट्रियता एवं समग्र नेपाली संस्कृतिको जर्गेना गर्दै देशको सिर्जनशील स्रष्टाहरुको श्रीवृद्धिमा सघाउ पुर्‍याई नेपालको सान र गरिमालाई सदैब उँचो राख्नका लागि यससँग सम्बन्धित स्रष्टाहरुको हक-हितको संरक्षण -सम्बर्द्धन समेत गर्ने उद्देश्यले अभिप्रेरित भई यस बिधानमा उल्लेखित उद्देश्यहरु पूरा गर्न संस्था दर्ता ऐन २०३४ अनुसार यस गीतकार सङ्घ नेपाल नामक संस्थाको स्थापना गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भ

१ **संस्थाको नाम** : यस संस्थाको नाम **गीतकार सङ्घ नेपाल रहनेछ** जसलाई अङ्ग्रेजीमा ीथचष्अष्कतक्ु ब्ककयअष्बतष्यल या ल्भउबर्ि भनी उल्लेख गरिनेछ ।

(क) **संस्थाको कार्यालय रहने ठेगाना :** यस संस्थाको कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका ३२,अनामनगरमा रहनेछ ।

(ख) **संस्थाको कार्यक्षेत्र :** यस संस्थाको कार्यक्षेत्र स्थान काठमाण्डौँ हुनेछ ।

(ग) आवश्यकताअनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृती लिई नेपाल अधिराज्यभित्र कार्यक्षेत्र बिस्तार गरिनेछ ।

(घ) यो विधान संस्था दर्ता भएकोमिति देखि प्रारम्भ हुनेछ ।

(ङ) संस्थाको अस्तित्व : यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला , सङ्गठित ,गैरनाफामूलक गैरराजनितीक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गने कार्य यसले गर्ने छैन ।

**२ परिभाषा :**

विषय वा प्रसङ्ग ले अन्य अर्थ नलागेमा यस विधानमा :

क) “विधान” भन्नाले गीतकार सङ्घ नेपालको विधान २०६७ लाई जनाउने छ ।

ख) “संस्था” भन्नाले गीतकार सङ्घ नेपाललाई जनाउने छ ।

ग) “गीतकार” भन्नाले मौलिक गीत रचना गरि एल्बम वा पुस्तक प्रकाशन गर्ने व्यक्ति वा समुहलाई सम्भन्नु पर्दछ ।

घ) “समिति” भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउने छ ।

ङ) “सभा” भन्नाले संस्थाको विधानअनुरुप सदस्यता प्राप्त गर्ने व्यक्ति वा संस्थाहरुलाई जनाउने

छ ।

च) “सदस्य”भन्नाले संस्थाको विधानअनुरुप सदस्यता प्राप्त व्यक्ति वा संस्थाहरुलाई जनाउनेछ ।

छ) “पदाधिकारी” भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।

ज) “नियम विनियम” भन्नाले यस विधानअन्तगर्त बन्ने नियम विनियमलाई जनाउँदछ ।

झ) “स्थानीय अधिकारी” भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउनेछ ।

ञ) “तोकिए वा तोकिए बमोजिम” भन्नाले यो विधान वा यस विधानअन्तर्गत रही निर्माण गरिएको नियमावली वा विनियममा तोकिएको कुराहरु समेतलाई जनाउनेछ ।

ट) “स्थानीय निकाय” भन्नाले गा.वि.स., महानगर, उपमहानगर, नगरपालिका र जि.वि.स.लाई जनाउनेछ ।

ठ) “सल्लाहकार” भन्नाले संस्थाको सञ्चालनको क्रममा कार्यसमितिबाट नियुक्त बरिष्ठ व्यक्तिहरुलाई समेत सम्झनु पर्दछ ।

**३ संस्थाको छाप र चिन्ह** :प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुची १ बमोजिमको ढाँचामा हुनेछ तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्धारा तुरुन्त संशोधन गरिनेछ ।

## परिच्छेद- २
## उद्देश्य

**४ संस्थाको उद्देश्य :** प्रचलित ऐन कानुन तथा नेपाल सरकारको निति निर्देशनको अधिनमा रही सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय राखी कार्यक्रम सञ्चालन गर्ने गरी संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) यो मुनाफारहित जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख) नेपाली गीतहरुको संरक्षण,सम्बर्द्धन र विकासका लागि काम गर्ने स्रष्टाहरुको प्रतिभाहरुको हकहितको संरक्षण तथा सम्बर्द्धन गर्ने ।

ग) गीतसिर्जनाको क्षेत्रमा निरन्तर कार्य गरिरहेका स्रष्टाहरुको जीवन सुरक्षा,एवं सेवा सुबिधा सम्बन्धमा सम्बन्धित सरकारी तथा गैरसरकारी निकायसँग सम्पर्क गरी परस्पर सहकार्यको वातावरण तयार गरी नेपाली मौलिक सङ्गीतको श्रीवृद्धिको लागी वातावरण तयार गर्ने ।

घ) गीत रचना क्षेत्रमा कार्यरत व्यक्ति तथा समुहहरुलाई क्षमता अभिवृद्धि गर्न चाहिने आवश्यक तालिम तथा अध्यन भ्रमण ,गोष्ठी एवं सेमिनार आदि आवश्यकता अनुसार सञ्चालन गर्ने गराउने ।

ङ) गीत रचना क्षेत्रमा रहेका समूहहरुको चेतना अभिवृद्धि गर्न तथा स्वावलम्बी बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

च) गीत सिर्जनाको क्षेत्रमा बिशिष्ट योगदान पुऱ्याएका बिशिष्ट प्रतिभाहरुको सम्मान गर्दै नव प्रतिभाहरुलाई अरु शसक्त बनाउन प्रोत्साहन प्रदान गर्ने किसिमका क्रियाकलापहरु सञ्चालन गर्ने ।

छ) सूचना तथा प्रबिधिको सहयोगले गीत रचना सम्बन्धित बिभिन्न क्रियाकलापहरुको प्रसारण कार्य लगायतका कार्यहरु गर्न आवश्यकता अनुसार पहल गर्ने ।

झ) गीत रचनासँग सम्बन्धी अर्न्तराष्ट्रिय संस्था एवं स्रष्टाहरुसँग समन्वय गरी राष्ट्रको गीत रचनालाई अर्न्तराष्ट्रिय स्तरसम्म पुऱ्याई स्थापित गराउन पहल गर्ने,साथै स्वदेश तथा विदेशका विभिन्न क्षेत्र र

स्तरमा स्रष्टाहरु बीच भ्रमणको आदान प्रदान गोष्ठी सभा सम्मेलन गर्ने र अर्न्तराष्ट्रिय रचनाकारहरुसँग मैत्री सम्बन्ध स्थापना गर्ने ।

ञ) समान उद्देश्य रहेका अन्य सङ्घ संस्थाहरुसँग समन्वय बढाई सहकार्य गर्ने ।

**५ संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु** :यस संस्थाले उपयुक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :

क) संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरेर मात्र उपुयक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्न तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, टाईपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ ।

## परिच्छेद - ३

## सदस्यता र संरक्षकत्व

(६) **सदस्यहरुको वर्गीकरण** :

यस संस्थाका देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गीकरण गरिएको छ :

(क) साधारण सदस्य :-

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनैपनि नेपाली नागरिकले तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरी संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

(ख) संस्थापक सदस्य :-

यस संस्था दर्ता गर्दाका बखत विधानमा सहि छाप गर्ने व्यक्तिहरु संस्थाको संस्थापक सदस्य हुनेछ । संस्थापक सदस्यहरुले विधानमा उल्लेख भएको शुल्क बुझाएर साधारण सदस्य वा आजिवन सदस्यता लिन सक्नेछन । साधारण सदस्यता नलिने जो सुकै व्यक्ति भएपनि उक्त व्यक्ति निर्वाचन प्रकृयामा भाग लिन वा संस्थाको कार्य समितिमा चयन हुन सक्ने छैनन ।

(ग) आजीवन सदस्य :-

गीत रचनाका क्षेत्रमा लागेका नेपाली नागरिकलाई कार्यकरीणी समितिले निर्णय गरी तोके बमोजिमको सदस्यता शुल्क एक मुष्ठ बुझाउने गरी आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

घ) मानार्थ सदस्य : संस्थाको उद्देश्य बमोजिमको कार्यक्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने ख्याती प्राप्त व्यक्तिलाई कार्यकरिणी समितीका घटीमा दुई तिहाई सदस्यहरुले निर्णय गरि मार्नाथ सदस्यता प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुलाई मत दिने अधिकार भने रहने छैन ।

(७) **सदस्यता प्राप्तीको लागि आवश्यक योग्यता :**

(क) नेपाली नागरिक भएको ।

(ख) मानसिक सन्तुलन नगुमाएको ।

(ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

(घ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टचारीको अभियोगमा सजाय नपाएको ।

(ङ) कम्तीमा ५ वटा गीत रेकर्ड भएको वा राष्ट्रिय स्तरको पत्र पत्रिकामा १० वटा गीत प्रकाशित भएको हुनु पर्नेछ ।

(८) **संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था** :

देहायका अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको पद प्राप्त गर्न सक्ने छैन ।

(क) गैह्र नेपाली नागरिक ।

(ख) मगज बिग्रेको वा बौलाएको,

(ग) साहुको दामासाहीमा परेको ।

(घ) कुनै प्रकारको चोरी , ठगी , किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुप्रयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको एक वर्षभित्र ।

(च) नैतिक पतन दखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

(छ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

(ज) निरन्तर तीन आर्थिक वर्ष सम्म पनि शुल्क नबुझाई बसेको वा सदस्यता नविकरण नगरी बसेको व्यक्ति वा समुह संस्थाको सदस्यतामा बहाल रहन सक्ने छैन ।

**९ सदस्यताको समाप्ती :**

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थको सदस्यमा बहाल रहने छैन ।

क) दफा (८) बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएमा ।

ख) साधारण सभावाट दुई तिहाई बहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पास गरेकोमा ।

ग) सदस्यले आफ्नो पदवाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।
ङ) संस्था विघटन भई खारेज भएमा ।
च) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा

२. कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा वहाल रहन अयोग्य हराउन ठहराउनुभन्दा अघि संस्थाको निजलाई सो कुराको सुचना सफाईको सवुत पेस गर्ने मौका दिनु पर्नेछ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :** यस विधानको दफा ६ बमोजिमका सदस्यहरुले देहाय बमोजिमको उपदफामा शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**१. साधारण सदस्य :**

क) साधारण सदस्यता प्राप्त गर्न चाहाने व्यक्तिले निवेदन शुल्क वापत फिर्ता नहुने गरी रु ५०० समेत राखी तोकिएको प्रक्रिया अनुसार लिखित आवेदन पेश गरेमा कार्य समितिको निर्णयले त्यस्ता व्यक्ति वा समुहलाई साधारण सदस्यता प्रदान गर्न सक्ने छ ।

ख) साधारण सदस्यले सदस्यता नविकरणका लागी वार्षिक रु २०० बुझाउनु पर्नेछ ।

ग) साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आश्विन महिनाको मसान्तभित्र नविकरण गराई सक्नु पर्नेछ त्यस पछिको हकमा थप रु २५ । समेत गरी जम्मा रु २२५ बुझाई त्यस आर्थिक वर्ष भरी जहिले सुकै पनि सदस्यता नविकरण गराउन सकिने छ । त्यस पछिका प्रत्येक आर्थिक वर्षमा रु२२५ का दरले रकम थप गरी सदस्यता नविकरण गराउनु पर्नेछ । तर निरन्तर तीन आर्थिक वर्ष सम्म पनि शुल्क नबुझाई बसेको वा सदस्यता नविकरण नगरी बसेको व्यक्ति वा समुहको साधारण सदस्यता समाप्त हुनेछ ।

**२. संस्थापक सदस्य :**

क) यो संस्था दर्ता हुदा बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन ।

ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्यता वा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**३. आजीवन सदस्य :** संस्थामा एकमुष्ट रु १५००० बुझाई तोकिएको प्रक्रियाअन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

४. मानार्थ सदस्य : साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सोको कारणसहितको जानकारी आवेदकलाई दिइनेछ ।

६. सबै सदस्यहरुले यस विधान र विधानअन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

७. संस्थाले प्रदान गरेको उप दफा १,२,३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद ४

### साधारण सभा कार्यसमिती तथा बैठक सम्वन्धी व्यवस्था

११. साधारण सभाको गठन

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बहेक अन्य सदस्यहरु भएको संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

२. यस संस्थाको साधारण सभा देहायबमोजिम हुनेछ ।

क) वार्षिक साधारण सभा : वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।

ख) विशेष साधारण सभा : संस्थाको कुल सदस्य सङ्ख्याको एक चौथाई सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा कार्य समितिले अनिवार्य रुपमा बोलाउनु पर्दछ तर साधारण सभा वा विशेष साधारण सभा बसेको ६ महिनाभित्र पुन : विशेष साधारण सभा बस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ । त्यस पछिका प्रत्येक वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्रमा गरिनेछ ।

४. यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा पन्ध्र दिन अगावै र बिशेष साधारण सभा गर्नका लागि कम्तीमा सात दिन अगावै सभा हुने स्थान,मिति,समय र छलफल गर्ने बिषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

५. उपदफा ४ बमोजिम बोलाइएको साधारण सभा वा बिशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपूरक सङ्ख्या नपुगी सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुनःसाधारण सभा बोलाईनेछ ।

६. साधारण सभा र बिशेष साधारण सभाको छुट्टाटुट्टै निर्णय पुस्तिका राखिनेछ ।

**१२. साधारण सभाको काम,कर्तव्य र अधिकार :** साधारण सभाको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्यसमितिले पेस गरेको योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित वेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने वेरुजु रकमहरु असुल उपर गरी फछ्यौट गर्नका लागि कार्यसमितिलाई निर्देशन दिने ।

ग) आगामी बर्षको लागी लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ) संस्थाको बार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मुल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्यसमितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारीहरुको विधायन बमोजिमको प्रक्रियाअर्न्तगत रही निर्वाचन गर्ने ।

च) कार्यसमितिका द्धारा पेस भएका विधायन संशोधन ,नियम तथा बिनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्यसमितिबाट संस्थाको हितअनुकुल भएका काम कारबाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको आफ्नो आन्तरिक स्रोतबाट व्योहोर्ने गरी कार्यसमितिले पेस गरेको कर्मचारीहरुको दरबन्दी,पारिश्रमिक भत्ता,तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

**१३. कार्यसमितिको गठन :**

१. साधारण सभामा उपस्थित संस्थाका साधारण सदस्य , आजिवन सदस्यहरुवाट निर्वाचित हुनेगरी देहाय बमोजिमका पदाधिकारीहरु रहने (११) एघार सदस्यीय कार्यसमिती गठन गरिनेछ ।

१. अध्यक्ष १
२. उपाध्यक्ष १
३. महासचिव १
४. सचिव १
५. कोषाध्यक्ष १
६. सदस्यहरु ६

यसरी बन्ने कार्यसमितिमा जान चाहने सदस्यहरुमा निम्न योग्यता हुन आवश्यक हुनेछ :

क) कम्तीमा १८ बर्ष उमेर पुरा भएको हुनु पर्ने ।

ख) संस्थाको साधारण वा आजीवन सदस्यता लिएको कम्तीमा २ वर्ष पुरा भएको हुनु पर्ने ।

ग) अन्य गीत संगीत सम्बन्धित पेशागत सङ्घ संस्थाको कार्यसमितिमा रहेको हुन नहुने । यदि भएको खण्डमा उक्त संस्थाको कार्यसमितिबाट राजिनामा स्वीकृत भएको व्यहोराको संस्थाको आधिकारीक पत्र पेश गरेको हुनुपर्ने ।

२. कार्यसमितिको कार्यकाल २ बर्षको हुनेछ ।

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कार्य समितिमा रहेका सदस्यको पद रिक्त हुन आएमा ब‘‘ाकी अवधिका लागि कार्यसमितिका सदस्यको नियुक्ति कार्य समितिद्धारा गर्न सकिनेछ । कुनै सदस्यको पद बीचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य पद रिक्त भई नियुक्त भएको हो सो सदस्यको बा‘‘की कार्यकालसम्मका लागि मात्र हुनेछ ।

४. कार्यसमितिको बैठक आवश्यकता अनुसार कार्यसमितिको अध्यक्षले बोलाउनेछ ।तर कार्यसमितिको पदाधिकारीको जम्मा सङ्ख्याको ५१% सदस्यले बैठक बोलाउने माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. कार्यसमितिका पदाधिकारीहरुको कुल सङ्ख्याको ५१% पदाधिकारीहरु उपस्थित नभई कार्यसमितिको बैठक बस्ने छैन ।

६ . कार्यसमितिको बैठक अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्यसमितिको बैठकमा छलफल भएको विषय र तत्तसम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट)छुट्टै किताबमा लेखि राख्नु पर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्मपूर्ण सदस्यहरुको कम्तीमा ५१% ले सहि गर्नु पर्नेछ ।

९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

१०. माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न नपाउने कुनै कामको सम्बन्धमा कार्यसमितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । उर्पयुक्त बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको निर्णय सरह मानिनेछ ।

**१४. कार्यसमितिको काम कर्तब्य र अधिकार :** कार्यसमितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ ।

१. संस्थाको आगामी बर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२. विधानबमोजिम ब्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने , गराउने ।

३. संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने

४. साधारण सभाप्रति उत्तरदायी रहने ।

५. संस्थाको उदेश्य प्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतमा उपभोग र प्रयोग गर्ने

६. संस्थाको कार्यसम्पादन गर्न कार्ययोजना बनाउने , स्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने ।

८. संस्थाका कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने ,गराउने ।

९. संस्थाको उद्देश्य परिपूर्तिका लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति,उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाड‘‘ाफा‘‘ड गरिदीने ।

१० .संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१५. **पद त्याग गर्न सक्ने :** अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्नेछन् ।

१६. **अन्य समितिहरु** :

१. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप समितिहरु गठन गर्न सक्नेछ तर साधारण सभाको वैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

२. उप समितिहरुको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

(१७) **पदाधिकारीको काम कर्तव्य र अधिकार** :

(१) अध्यक्षको काम कर्तव्य र अधिकार :-

(क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।

(ख) निर्णायक मत दिने ।

(ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

(घ) संस्थाको नेतृत्व लिने ।

(ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।

(च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

(छ) अभिलेख प्रमाणित गर्ने ।

(२) उपाध्यक्षको काम कर्तव्य र अधिकार :-

(क) अध्यक्षलाई सहयोग गर्ने ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

(घ) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

(३) महा- सचिवको काम कर्तव्य र अधिकार :-

(क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

(ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

(ग) अभिलेख सुरक्षित राख्ने ।

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

(४) सचिवको काम ,कर्तव्य र अधिकार :

क) महा-सचिबलाई सहयोग गर्ने ,

ख) महा-सचिबले दिएको जिम्मेवारी पूरा गर्ने ,

ग) महा-सचिबको अनुपस्थितिमा निजको कार्य गर्ने ।

(५) कोषाध्यक्षको काम कर्तव्य र अधिकार :-

(क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

(ख) साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) लेखा दुरुस्त राख्ने ।

(घ) नियमित रुपमा बार्षिक लेखा परीक्षण गराउने ।

(६) सदस्यहरुको काम,कर्तव्य र अधिकार :

(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

(ग) संस्थाको उद्देश्य पूरा गर्न आवश्यक कार्य गर्ने ।

(१८) **गणपुरक संख्या** :

१. कूल सदस्य संख्याको ६० प्रतिशत साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

२. तर विधानको दफा ११ को उपदफा (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल संस्थापक संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न वाधा पर्नेछैन ।

## परिच्छेद -६

## आर्थिक व्यवस्था

(१९) **संस्थाको कोष** :

(१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय वमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् ।

(क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ,

(ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता बापत प्राप्त रकम,

(ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको विक्रीबाट प्राप्त रकम ,

घ) विदेशी संस्था व्यक्ति वा अर्न्तराष्ट्रिय सङ्घ सस्थाबाट सहयोग बापत प्राप्त रकम,

ङ्) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम,

(२) संस्थाले बैदेशीक सहायता लिनु पूर्व समाजकल्याण ऐन २०४९ दफा १६ बमोजिम समाजकल्याण परिषद्को पूर्व स्वीकृत अनिर्वाय लिनुपर्नेछ ।

(३) संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

(२०) **खाता संचालन** : संस्थाको बैंक खाता अध्यक्ष वा महा-सचिव मध्ये एक जना र कोषाध्यक्षको ( अनिवार्य) हस्ताक्षर र संस्थाको छाप रहने गरी खाता संचालन गरिनेछ । यसरी सञ्चालन गरिएको खाताको प्रचलित ऐन नियम बमोजिम खर्च गर्ने तथा श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

(२१) **कोषको रकम खर्च गर्ने तरिका** : संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरिका अपनाई खर्च गरिनेछ ।

(क) संस्थाको बार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रहि कोषबाट रकम खर्च गर्न सकिने छ ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गरिनेछ।

(घ) कोषको रकम खर्च गर्दा तोकिए वमोजिम खर्च गर्नु पर्नेछ ।

(२२) **संस्थाको लेखा र लेखा परीक्षण** :

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाव किताव जाँच गर्न गराउन सक्नेछ ।

४. लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम बार्षिक साधारणसभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र बार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ ।

## परिच्छेद - ७

**निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था**

(२३) **निर्वाचन सम्बन्धी व्यवस्था** :

१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिनेछ ।

२. निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

३. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुंगो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

४ निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

(२४) **उम्मेदवार हुने योग्यता :**

कार्य समितिको उम्मेदवार हुन देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) संस्थाको साधारण तथा आजीवन सदस्य कार्यकारिणी समितिको निर्वाचनमा उम्मेद्वार हुन योग्य हुनेछन् ।

(ख)संस्थालाई तिर्नु बुझाउनु पर्ने कुनैपनि रकम तिर्न वुझाउन वाँकी नभएको केन्द्रको प्रतिनिधि ।

(ग) संस्थाको सदस्यता नविकरण गरेको संस्थाको प्रतिनिधि ।

(२५) **अविश्वासको प्रस्ताव** :

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीहरुको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्दछ ।

(ख) प्रस्तावको बिषय स्पष्ट र व्यवहारिक हुनुपर्दछ ।

(ग) साधारण सभाका सदस्यहरु मध्येबाट कम्तीमा १/४ एक चौथाई सदस्यहरुको प्रष्ट नाम, आफूले प्रतिनिधित्व गरेको केन्द्रको ठेगाना सहित खुलाई सही भएको हुनुपर्दछ ।

२. उपदफा १ बमोजिम केन्द्रमा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकि केन्द्रको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११(४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइने छ ।

३. <u>अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया</u> :-

(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा १ वमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये एकजनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

(ख) उपदफा ३(क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीनजना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

(ग) उप दफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो अध्यक्षता गर्ने व्यक्तिले ति पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइनेछ ।

४. <u>अविश्वासको प्रस्ताव माथि निर्णय</u> :-

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको वहुमत पक्ष वा बिपक्षमा छ भन्ने निर्णयको लागि देहाय वमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ :-

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र बिपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर ।

(ख) उपस्थित साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र बिपक्षमा गोप्य मतदान गराएर ।

(ग) साधारण सभाको उपस्थित कूल सदस्य संख्याको २/३(दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ। त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षको व्यक्तिहरु पदमुक्त हुनेछन्

(घ) निर्वाचित भएको ६ महीना नपुगी वा प्रस्ताव विफल भएको ६ महीना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

(२६) **<u>विधान संशोधन</u> :** कूल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा वा उपदफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी

समक्ष सिफारिश गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा वा उपदफा संशोधन वा खारेज भएको मानिने छ ।

(२७) **<u>नियम बनाउन सक्ने</u>** :

१. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

२. यो विधान र विधान अन्तर्गत वनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(२८) **<u>कर्मचारीको व्यवस्था</u>** :-

(क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारीको दरबन्दी श्रृजना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीहरुको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी केन्द्रको संचालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयम सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुर्‍याउने सेवा, त्यसको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत जानकारी गराईने छ ।

(२९) **<u>संस्थाको खारेजी</u>** :

१ साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्थाको खारेजी गर्न सक्नेछ ।

२ उप दफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाव किताव गर्नका लागि एक वा एकभन्दा बढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्ने छन् ।

३. उपदफा (२) बमोजिम नियुक्त लिक्वेडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकि दिए बमोजिम हुनेछ ।

४ यसरी कारणवस संस्था विघटन भई खारेज भई आएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

(३०) **<u>व्याख्या</u>** : यो विधान र विधान अन्तर्गत बनेको नियम, विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

(३१) **<u>गोप्यता भंग गर्न नहुने</u>** :- यस संस्थाको कुनैपनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्यसमितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठकमा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन ।

(३२) **<u>ऐन अनुसार हुने :</u>** यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र नियम र प्रचलित कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछन् ।

(३३) **<u>निर्देशनको पालना</u>** : नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

(३४) **<u>तदर्थ समिति</u>** :

१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महीना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयां कार्य समितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइने छ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्य समितिले गरेका काम कारवाहीहरु यसै विधान सरह भएको मानिने छ ।

(३५) हामी “गीतकार सङ्घ नेपाल”का निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भै निम्न साक्षीको रोहवरमा विधानमा सहिछाप गर्दछौं ।

| क्र.सं. | संस्थापकको नाम, थर र ठेगाना | साक्षीको नाम, थर,वतन र सहिछाप |
|---|---|---|
| १ | नाम,थर : डा.कृष्णहरि बराल<br>(अध्यक्ष)<br>ठेगाना : का.म.न.पा. १०,<br>स्थायी ठेगाना : जिल्ला-सिन्धुली<br>दस्तखत :<br><br>दा वा | नाम, थर : नेत्र एट्म<br>ठेगाना : मानपुर-६,दाङ<br>दस्तखत :<br><br>दा वा |

| | | |
|---|---|---|
| २ | नाम,थर : योगेन्द्रमणि दाहाल (उपाध्यक्ष)<br>स्थायी ठेगाना : मादी,राम्बेनी,संखुवासभा<br>अस्थायी ठेगाना : का.जि.का.म.न.पा.वडा नं.३२<br>दस्तखत :<br><br>दा वा | नाम ,थर : राजु सिंह<br>ठेगाना : बागबजार,का.म.न.पा.<br>दस्तखत :<br><br>दा वा |
| ३. | नाम,थर :बिजय शिवाकोटी(उपाध्यक्ष)<br>स्थायी ठेगाना : कपन-३<br>अस्थायीठेगाना : का.जि.का.म.न.पा.वडा नं.३२<br>दस्तखत :<br><br>दा वा | नाम, थर : शेखर उपाध्याय<br>ठेगाना : काठमाण्डौं-३२<br>दस्तखत :<br><br>दा वा |
| ४ | नाम,थर : संजय बराल (महासचिव)<br>स्थायी ठेगाना : फिक्कल-६,ईलाम<br>दस्तखत :<br><br>दा वा | नाम, थर : मीरा लामा<br>स्थायी ठेगाना : ढुङखर्क -६,ईलाम<br>दस्तखत :<br><br>दा वा |
| ५ | नाम,थर :विपिन पौडेल किरण (सचिव)<br>स्थायी ठेगाना : भरौल-६,सुनसरी<br>अस्थायीठेगाना : का.जि.का.म.न.पा.वडा नं.३२<br>दस्तखत :<br><br>दा वा | नाम, थर : महेश खड्का<br>स्थायी ठेगाना : सिम्पानी-८,खोटाङ्ग<br>दस्तखत :<br><br>दा वा |

| | | |
|---|---|---|
| ६ | नाम ,थर : उत्तम भौकाजी (कोषाध्यक्ष )<br>ठेगाना : हैपी,नयाँ बजार<br>अस्थायी ठेगाना : का.जि.का.म.न.पा.वडा नं.३२<br>दस्तखत :<br><br>दा वा | नाम, थर : शंकर श्रेष्ठ<br>ठेगाना : बानेश्वर<br>दस्तखत :<br><br>दा वा |

## अनुसूची – १

## संस्थाको छाप र चिन्हको विवरण

यस संस्थाको छाप र चिन्ह कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ ।